# भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

## भरतपुर, चितवन

### सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार नगरको सडक शौर्य वत्ती जडान र व्यवस्थापन सम्बन्धी

## बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७३।१२।११)

सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार यस भरतपुर महानगरपालिकाको तोकिएका सडक तथा सार्वजनिक स्थानहरुमा शौर्यवत्ती जडान र व्यवस्थापन गरी विज्ञापन गर्ने कार्य आ.व. २०७३/०७४ देखि आ.व. ०८७/०८८ (१४वर्ष) सम्म गर्नका लागि निजी साझेदारहरू छनौट गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरूबाट यो सूचना र वोलपत्र फाराममा उल्लेखित शर्तका अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**शर्तहरुः-**

१.बोलपत्र सम्बन्धी कागजातको सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र चालु आ.व.को लागि नवीकरण गरेको इजाजत पत्र, आयकर दर्ता पमाण पत्र एवं मु.अ.कर (भ्याट) दर्ता प्र.पत्र, आन्तरिक राजस्व विभागबाट प्राप्त कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी (नोटरी पब्लिकबाट प्रमाणित ) संलग्न राखी निवेदन साथ रु ३०००।- (तीनहजार रुपैया) दस्तुर (फिर्ता नहुने) तिरी यस भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय वातावरण शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन (मिति २०७४/०१/१०) दिनको १२ वजेभित्र यस भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको नाममा सम्बोधन गरि खामको बाहिर “शिलबन्दी सडक शौर्यवत्ती जडान र व्यवस्थापनको लागि साझेदार छनौटको वोलपत्र” भनी पेश गर्ने फर्म वा कम्पनीको नाम र ठेगाना स्पष्ट लेखी छाप लगाई शिलछाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्ने छ । अन्यथा बोलपत्र मान्य हुने छैन । साथै सोही दिन दिनको २:०० वजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्र दाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

३. बोलपत्र खरिद गर्ने दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. बोलपत्र साथ बोलपत्र दाताले रु. ५,००,०००।०० (पाँच लाख रुपैंयामात्र) बोलपत्र जमानत (बीड वण्ड) वापत यस भरतपुर महानगरपालिका नगर कार्यपालिकाका कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैक, भरतपुरको धरौटी खाता नं. ग-३/०२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको पक्षबाट बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट न्युनतम १२० दिन म्याद राखि जारी गरिएको “क”श्रेणीको वाणिज्य बैंकको जमानी पत्र (विडवण्ड) संलग्न हुनु पर्नेछ ।

५. स्वीकृत बोलपत्र दाताले सम्झौता गर्नु पुर्व पहिलो आ.व.को लागि कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वापत रु. ५,००,०००।०० (पाँच लाख रुपैंयामात्र) माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा जारी गरिएको “क” श्रेणीको वाणिज्य बैंकको जमानी पत्र पेश गर्नु पर्नेछ । दोश्रो आ.व. देखि कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वापत रु. १०,००,०००।०० (दश लाख रुपैंयामात्र) सम्वन्धित खातामा जम्मा गर्नुपर्नेछ र सोको प्रत्येक आ.व.को लागि नवीकरण गर्नु पर्नेछ ।

६. बोलपत्र दाताले बोलपत्र पेश गर्दा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा राखी गोप्य रूपमा शिलवन्दी गरी पेश गर्नु पर्नेछ । यस बाहेक अन्य तरिकाबाट पेश हुन आएको बोलपत्र मान्यहुने छैन । प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्र दाताहरूको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

७. बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा  सही छाप हुनु पर्नेछ । रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।  प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. बोलपत्र सम्बन्धी विस्तृत छलफलका लागि सूचना प्रकाशित भएको मितिको २१ औ ( मिति २०७३/१२/३१) दिन वा उक्त दिन सार्वजनिक विदा परेको खण्डमा लगत्तै कार्यालय खुलेको दिन ठिक १:०० वजे Pre-bid Meeting राखिनेछ ।

९. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४, सार्वजनिक खरीद ऐन, २०६३ नियमावली, २०६४, सा.नि.सा. नीति, निर्देशिका  एवं प्रचलित कानून बमोजिम हुनेछ ।

१०. बोलपत्रको विस्तृत विवरण,सम्पादन गर्नु पर्ने कार्य, बोलपत्र दाताको योग्यता, छनौटका आधारहरु लगायतको विस्तृत व्यहोरा बोलपत्र सम्बन्धी कागजातमा समाबेश गरिने छ ।

११. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ साथै यो सूचना भरतपुर महानगरपालिकाको वेवसाईट www.bharatpurmun.org.npबाट समेत Download गरी हेर्न सकिने छ ।

| बोलपत्र नं. | कामको विवरण | धरौटी रकम (बीड वण्ड) | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १२/०७३/७४ वातावरण | सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सडक शौर्यवत्ती जडान र व्यवस्थापन | रु. ५,००,०००।०० ( पाँच लाख रुपैंया मात्र) | रु. ३,०००।०० | |